# सुनिलस्मृति गाउँपालिका अध्यक्ष श्री मणिराम बुढाथोकिले गाउँसभाको बिसौं अधिवेशनमा पेश गर्नु भएको आ.व. २०८३/०८४ को

# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका

रोल्पा जिल्ला

लुम्बिनी प्रदेश

२०८३/०२/२९

गाउँ सभाका सदस्यज्यूहरु ,

सुनिलस्मृति गाउँपालिका गाउँसभाको बिसौं अधिवेशनमा गाउँपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

सर्वप्रथम यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् ज्ञात अज्ञात शहिदहरु तथा बेपत्ता, घाइते र असहाय नागरिकहरुलाई उच्च सम्मानका साथ शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते, अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करण देखि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समावेशी र सुशासित समाज निर्माणको लक्ष्यलाई आत्मसात गर्दै स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारका रूपमा नागरिकको आवश्यकता, अपेक्षा र भावनालाई सम्बोधन गर्न निरन्तर क्रियाशील रहेको छ । सीमित स्रोत र साधनका बाबजुद जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व र दिगो विकासका सिद्धान्तलाई आधार मानी स्थानीय विकासका गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छौं ।

जनताको जीवनस्तर उकास्ने, गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्ने, स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक विकासलाई थप सुदृढ बनाउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । **“जनआकांक्षा पूरा गर्ने हाम्रो सङ्कल्पः दिगो विकास र सुशासन मात्र विकल्प”** भन्ने मूल मन्त्रलाई सिद्ध गर्न हामी प्रतिबद्ध छौं।

यसै सन्दर्भमा, स्थानीय आवश्यकता, जनचाहना, संविधानको मर्म, दिगो विकास लक्ष्य सुनिलस्मृति गाउँपालिकाको वार्षिक योजना/कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन, २०८०, सुनिलस्मृति गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णयहरु, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त राय सुझाव तथा संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमसँग तादात्म्यता कायम गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक विकास

- ✓ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उन्नत विउ/बेर्नाको प्रयोगमा कृषकलाई प्रोत्साहन गरिनेछ। त्यसका लागि चालु आ.व.मा यस पालिकाका प्रमुख वालीहरु धान, गहु, मकै, अदुवा, लसुन, प्याजको विउ/बेर्ना अनुदानमा वितरण गरिएकोमा सो कार्यक्रमलाई यस आ.व.मा समेत निरन्तरता दिइनेछ।
- ✓ माटोको विशिष्टिकृत गुणको पहिचान गरी सोही अनुरुप कृषि कार्य गर्न सबै वडाहरुमा माटो परीक्षण तथा निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ।
- ✓ अनुदान प्रणालीलाई वास्तविक कृषकसम्म पुऱ्याउन उत्पादनमा आधारित अनुदान प्रणाली कार्यान्वयनमा ल्याइनेछ। यसका लागि चालु आवमा कार्यविधि समेत गाउँ कार्यपालिकाबाट स्वीकृति भइसकेको हुँदा कार्यविधिले तोकेका वाली वस्तुहरुको उत्पादनमा आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था गरिनेछ।
- ✓ व्यावसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्न यस गाउँपालिकाबाट वितरण गरिने हरेक प्रकारका अनुदान वितरणमा व्यावसायिक कृषकलाई पहिलो प्राथमिकता दिइनेछ।
- ✓ पालिकामा प्राङ्गारिक मलको उत्पादनलाई प्राथमिकता दिइनेछ। यसका लागि गड्यौला मल उत्पादन सम्बन्धी तालिम, गड्यौला वितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ बाँझो जमिनको उपयोगलाई प्रोत्साहन गर्न माग र आवश्यकतामा आधारमा विभिन्न खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ यस गाउँपालिका भित्रका कृषकहरुको ज्ञान, सीप तथा क्षमता अभिबृद्धि गरिनेछ। यसका लागि कृषकस्तरीय तालिम, गोष्ठि, शिविर सञ्चालन तथा उन्नत प्रविधि प्रदर्शनी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ गाउँपालिकाभित्र मौरी पालनलाई प्रोत्साहन गर्न चालु आ.व. देखि **"बन बनमा चिउरी घर घरमा मौरी"** भन्ने मूल नाराका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएकोमा यस कार्यक्रमलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ।
- ✓ उत्पादित कृषि उपजको संकलन तथा विक्री वितरणलाई सहज बनाउन हाटबजारका लागि पूर्वाधार निर्माणको कार्य यस आ.ब. मा केही सुरुवात गरिएको आगामी आवमा थप विस्तार गरिनेछ।

- ✓ **व्यवसायिक कृषकसंगै कृषि प्राविधिक"** भन्ने नीतिलाई अगाडि बढाइनेछ। यसका लागि आवश्यक सामाग्री र थप प्रोत्साहन सहित कृषि प्राविधिकहरुलाई नियमित रुपमा व्यवसायिक कृषकको खेतबारीमा परिचालन गरिनेछ।
- ✓ प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्द्धन गरी गाउँपालिकामा विषादिको प्रयोगलाई घटाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि जैविक मल प्रवर्द्धन तथा गोठे मल सुधार कार्यक्रम, प्राङगारिक मल तथा गड्यौलेमल उत्पादनमा सहयोग, प्राङ्गारिक खेती गर्ने कृषकलाई अनुदान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ गुणस्तरिय बीउ विजन उपयोगमा गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। व्यवसायिक कृषकहरुलाई हाईबृड तथा उन्नत बीउ उपयोगमा अनुदान उपलब्ध गराईनेछ।
- ✓ विभिन्न बालीनालिमा देखा पर्ने रोग तथा किराहरुको व्यवस्थापन र नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण सेवा मार्फत कृषकहरुलाई वर्षैभरी प्राविधिक परामर्श र जैविक तथा रसायनिक विषादी नि:शुल्क उपलब्ध गराइनेछ ।
- ✓ कृषिलाई आधुनिकीकरण गर्न कृषकहरुको माग र लागत साझेदारीमा आधुनिक कृषि उपकरणहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ✓ विगतका आवहरुमा यस पालिकाबाट अनुदान लगेका कृषकहरुले शर्त बमोजिम अनुदानको सदुपयोग गरे नगरेको सम्बन्धमा समिति गठन गरी नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुदानको दुरुपयोग गरेको पाइएमा कानून बमोजिम कारवाही गरिनेछ।
- ✓ जलवायु अनुकूलित कृषि प्रणालीलाई आत्मसात गर्दै लगिनेछ। यसका लागि प्लास्टिक रिचार्ज पोखरी, प्लास्टिक टनेल खेती, आइ.पि.एम. को प्रयोग रैथाने विउविजनको संरक्षण जस्ता अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै जलवायु अनुकुलनका क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरुसँग समुचित साझेदारी गरिनेछ।
- ✓ अरेशमा अदुवा, गजुल र तेवाङमा सुन्तला र कागती, कफी, घोडागाउँ र खुङ्ग्रीमा आँप, मिझिङमा केरा र आँप, बेसार लगायत प्रत्येक वडाको भौगोलिक अवस्था, माटोको गुणस्तर, हावापानीको अनुकूलनता समेतका

आधारमा दिइदै आएको बालीवस्तुको विशिष्टीकृत उत्पादन प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

सभा सदस्यज्यूहरु

- ✓ कृषकको साझेदारीमा कृषि बाली तथा पशु चौपायाको विमा गरिनेछ।
- ✓ पशु पंक्षिहरुलाई स्वस्थ्य राखी पशुपंक्षि उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन प्रर्याप्त तथा समयानुकुल पशु औषधि तथा भ्याक्सिनको व्यवस्था मिलाईनेछ।
- ✓ अण्डामा पालिकालाई आत्मनिर्भर बनाउदै लगिनेछ। यसका लागि लेयर्स कुखुरापालक कृषकहरु लाई लागत साझेदारीमा लेयर्स चल्ला वितरण कार्यक्रम संचालन गरिनेछ।
- ✓ पशुपालक कृषकको घरदैलोमा पशुसेवा पुऱ्याइनेछ । यसका लागि सवै वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरि कृषकहरुको घरदैलोमा सेवा पुऱ्याइनेछ।
- ✓ व्यावसायिक रुपमा पशुपालन गर्न चाहने कृषकहरुको लागि प्राविधिक ज्ञान दिनुका साथै क्षमता विकासका लागि विभिन्न खाले तालिमको व्यवस्था समेत गरिनेछ।
- ✓ भुस्याहा तथा छडुवा कुकुर नियन्त्रणका लागि कुकुर बन्ध्याकरण कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- ✓ पशुहरुमा नश्ल सुधार गर्नको लागि लागत साझेदारीमा उन्नत राँगो तथा प्रजनन् योग्य बोका वितरण कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- ✓ गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण, विकास र प्रचार-प्रसार गरिनेछ ।
- ✓ स्थानीय स्तरमा सञ्चालन हुने धार्मिक, सांस्कृतिक तथा परम्परागत पूजा, मेला, पर्व तथा जात्राहरुको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै स्थानीय कला, संस्कृति र पहिचानको जगेर्ना गर्न आवश्यक सहयोग तथा प्रोत्साहन गरिनेछ।
- ✓ गाउँपालिकालाई पर्यटकीय हव बनाउन पालिका क्षेत्रभित्र रहेका घोडागाउँ रेड स्वायल पार्क, खुङ्ग्री त्रिपुरेश्वरी मन्दिर, शिवपञ्चायन र खुङ्ग्री दरबार, तेवाङको लिस्ने लेक मालारानीकोट, राज्यपोखरी, गजुलको गजुलकोट दरबार, सुनिलपार्क, अरेशको ढुङ्गे साघु, कोइरालखर्कको भवाने गुफा, मिझिङको हर्रेधारा लगायतका पुरातात्विक, धार्मिक, ऐतिहासिक, प्राकृतिक

तथा प्राचीन महत्त्वका पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार, संरक्षण र विकास गरिनेछ।

- ✓ पर्यटकीय सम्भावना बोकेका वस्तीहरुमा होमस्टे सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

**सभा सदस्यज्यूहरु**

- ✓ प्राइभेट फर्मको रजिष्ट्रेशन र नवीकरणका लागि अनुगमनलाई अभियान कै रुपमा संञ्चालन गरिने छ ।
- ✓ उपभोक्ता हित संरक्षण तथा उपभोक्ता शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम संञ्चालन गरिने छ ।
- ✓ व्यवसाय दर्ता, नविवरण, कर चुक्ता मूल्यसूची पारदर्शिता लगायतका सम्बन्धमा नियमित तथा आकस्मिक बजार अनुगमन गरिनेछ।
- ✓ महिला, युवा, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई लक्षित गरेर उनीहरुको माग र आवश्यकतामा आधारित सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायहरुसँगको साझेदारीमा उद्यमशीलता विकास तथा सीपमूलक तालिम तथा उन्नत प्रविधि हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ बैदेशिक रोजगारबाट फर्केका युवा तथा बिप्रेषण पाउने परिवारको लगत संकलन गरि व्यावसायिक योजनासम्बन्धी तालिमका साथै व्यवसाय सञ्चालनसम्बन्धी प्राविधिक सहायता समेत प्रदान गरिनेछ।
- ✓ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गहरुलाई उद्यमशीलता विकास तालिम दिइ सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।
- ✓ स्थानीयस्तरमा रहेका परम्परागत साना तथा घरेलु उद्योगहरुको संरक्षण र प्रवर्द्धनका लागि बजारीकरण गर्न हाटबजार (संकलन केन्द्र) संचालनमा ल्याइनेछ ।
- ✓ सहकारी संस्थाहरुको नियमनलाई विशेष प्राथमिकता दिइनेछ। यसका लागि सम्बन्धित संघीय तथा प्रादेशिक निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

- ✓ सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ स्थानीय माग, आवश्यकता, विशिष्टता समेतलाई ध्यानमा राख्दै स्थानीय भू उपयोग योजनाको संशोधन गरिनेछ।

- सामाजिक क्षेत्र
- **सभा सदस्यज्यूहरु**
  - ✓ शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र नियमनका लागि पालिका स्तरीय शिक्षा ऐन, नियमावली र नीति तर्जुमा गरिनेछ।
  - ✓ शैक्षिक गतिविधिमा हुन सक्ने जोखिम पहिचान गरी शिक्षा सम्बन्धी विपद् व्यवस्थापन योजना लागू गरिनेछ।
  - ✓ विद्यालयहरूमा शिक्षकको अभाव हुन नदिन 'शिक्षक बैंक' को व्यवस्था गरिनेछ र अनुदानमा कार्यरत शिक्षकहरू संख्या र उनीहरुको सेवासुविधा पुनरावलोकन गरिनेछ।
  - ✓ **"जहाँ विद्यार्थी तहाँ शिक्षक"** भन्ने नाराका साथ शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यलाई निरन्तरता दिइनेछ।
  - ✓ **यस गाउँपालिकाको चालु आवमा स्वीकृत सामुदायिक विद्यालय अनुगमन निरीक्षण तथा शैक्षिक गुणस्तर सुधार मापदण्ड बमोजिम पालिका मातहतका सामुदायिक विद्यालयहरुको मूल्याङ्कन गरी वर्गीकरण गरिनेछ। वर्गीकरणको नतिजाका आधारमा विभिन्न खालका प्रोत्साहन तथा दण्डात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।**
  - ✓ अनुगमन प्रतिवेदनका आधारमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, प्र.अ, वि.व्य.स. र शिक्षक अभिभावक संघलाई पुरस्कृत र कमजोरलाई दण्डको व्यवस्था मिलाइनेछ ।
  - ✓ विद्यालय बाहिर रहेका विपन्न र सीमान्तकृत बालबालिकालाई विद्यालयमा **"झिकाउन, सिकाउन, टिकाउन र श्रम बजारमा विकाउन"** दिवा खाजा र शैक्षिक सामग्री सहयोगलाइ निरन्तरता दिइनेछ ।
  - ✓ **"मेहेनत तपाइको जिम्मेवारी हाम्रो"** नाराका साथ अल्पसंख्यक दललित अपाङ्गता भएका शहीद परिवार र एकल महिलाहरुलाई माध्यामिक र उच्च शिक्षामा छात्रवृत्ति दिइनेछ।

- ✓ सबै सामुदायिक विद्यालयका जस्तापाता हटाएर क्रमशः आर.सि.सि. युक्त पक्कि भवन निर्माण गरिनेछ। भवनहरूलाई अपाङ्गमैत्री तथा बालमैत्री बनाउदै लगिनेछ।
- ✓ पालिकास्तरीय बहुउद्देश्यीय भवन निर्माण गरी पालिकास्तरीय गोष्ठी, भेला, सेमिनार, खेलकुद जस्ता गतिविधिहरुलाई व्यवस्थित गरिनेछ।
- ✓ एक वडा एक खेलमैदान तथा पालिकास्तरीय खेलमैदान निर्माण गरिनेछ।
- ✓ बाल विकास केन्द्रहरूलाई नमुना केन्द्रको रूपमा विकास गरी पूर्वाधार र शैक्षिक सामग्रीहरु थप गर्दै लगिनेछ।
- ✓ सामुदायिक विद्यालयहरुमा एकीकृत हाजिरी व्यवस्थापन प्रणाली ई-हाजिरी तथा सि सि क्यामेरा क्रमशः जडान गर्दै लगिनेछ।
- ✓ गाउँपालिका स्तरमा एक सुविधा सम्पन्न पुस्तकालय स्थापना गरिनेछ।
- ✓ कक्षा १ देखि ५ सम्म सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनलाइ निरन्तरता दिइनेछ।
- ✓ स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष बनाउँदै पाठ्यपुस्तकको व्यवस्था सहित शिक्षकहरूलाई तालिम दिइनेछ।
- ✓ दिवा खाजामा स्थानीय उत्पादनको प्रयोगमा जोड दिइनेछ। दिवा खाजा तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा नियमित तथा आकस्मिक अनुगमन गरिनेछ।
- ✓ प्राविधिक सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिइनेछ र जेहेनदार तथा विपन्न विद्यार्थीहरुलाई प्राविधिक धारतर्फ माध्यामिक तथा उच्च शिक्षामा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ✓ **'पढ्दै कमाउँदै'** कार्यक्रमलाइ कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ यस पालिकाको सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि एक विज्ञ समूह (Expert Group) गठन गरिनेछ। समूहको सुझावहरु अनुरुप पालिकाका शिक्षा ऐन, नियमहरु तर्जुमा तथा संशोधन गरिनेछ।
- ✓ शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइदै लगिनेछ।
- ✓ शिक्षक, अभिभावक तथा विद्यार्थीहरुका लागि उत्प्रेरणामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- ✓ कक्षा ८ को पालिकास्तरीय परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने/गराउने प्रधानाध्यापक, विषयगत शिक्षक तथा विद्यार्थीलाई सम्मान गरिनेछ।
- ✓ विद्यालयस्तरमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रमलाइ जोड दिइनेछ।

- ✓ विषयगत शिक्षकहरुको अन्तर्कृयामार्फत असल अभ्यासका आदानप्रदान तथा विषयगत शिक्षणमा देखिएका समस्याहरु समाधान गर्न साँझा बुझाइको विकास गरिनेछ।
- ✓ स्थानीय तहका कार्यक्रमहरूमा युवाको प्रतिनिधित्वलाई प्रोत्साहन गर्दै स्थानीय शासनलाई युवामैत्री बनाउँदै लगिनेछ।
- ✓ गाउँपालिका स्तरमा गठित युवा परिषद्लाई थप सक्रिय बनाइनेछ। युवा परिषद्का पदाधिकारीहरुलाई नेतृत्व तथा क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।
- ✓ गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्बन्धी आवश्यक कार्यविधि बनाइ समिति निर्माण गरिनेछ। विद्यालय तथा पालिकास्तरीय खेलकुद गतिविधिहरुको सञ्चालन, व्यवस्थापन तथा विकासमा खेलकुद विकास समितिलाइ परिचालन गरिनेछ।
- ✓ राष्ट्रपति रनिङ शिल्ड लगायतका प्रतियोगिताहरू मार्फत क्षमतावान तथा उर्जाशिल खेलाडी उत्पादनमा समेत जोड दिइनेछ।
- ✓ शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थी उत्प्रेरणामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- **सभा सदस्यज्यूहरु**

- ✓ नेपाल सरकारद्वारा निःशुल्क गरिएका औषधिहरुको निरन्तर उपलब्धता सुनिश्चित गरिनेछ। गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य सस्थाहरुबाट यस्ता खालका औषधी वितरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- ✓ पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, पूर्ण संस्थागत प्रसुति सेवायुक्त पालिका घोषणा तथा दिगोपना सुनिश्चितता लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- ✓ आधारभूत स्वास्थ्य सेवाहरुमा नागरिकको पहुचलाई सर्वसुलभ बनाउन सबै पालिकास्तरमा तथा वडास्तरमा स्वास्थ्य सम्बन्धी घुम्ती शिविर सञ्चालन गरिनेछ।
- ✓ स्वास्थ्य प्रबर्द्धन कार्यक्रमको लागि महिला सामुदायिक स्वयंसेविका परिचालन गरिनेछ। महिला स्वास्थ्य स्वंयसेविकाहरुको प्रोत्साहनमूलक कार्यक्रमहरु पालिकास्तरबाटै एकीकृत रुपमा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ✓ जेष्ठ नागरिक घरदैलो कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ✓ सवै वडाका विभिन्न टोल तथा वस्तीहरुमा बिभिन्न सरुवा रोग तथा महामारी नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ । संघ तथा प्रदेश सरकारसँगको साँझेदारीमा एआई एक्सरेद्धारा क्षयरोग निदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ✓ योग, ध्यान र आयुर्वेद उपचार पद्धतिको बारेमा विद्यालय तथा वडा स्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। मिझिङ आयुर्वेद औषधालयबाट हुने सेवा प्रवाहलाई सबै वडाहरुमा पुऱ्याउन विभिन्न खाले शिविरहरु सञ्चालन गरिनेछ।
- ✓ गर्भवती महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत महिला कल्याणकारी कार्यक्रमहरुलाई यस आ.व.मा समेत निरन्तता दिईनेछ ।
- ✓ आगामी आर्थिक वर्षभित्र पालिकालाई क्षयरोग मुक्त गाउँपालिका तथा पोषण मैत्री गाउपालिका घोषणा गरिनेछ।
- ✓ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य सस्थाको न्युनतम सेवा मापदण्ड मूल्याङ्कन गरी त्यसका आधारमा सेवा सुधारका प्रयासहरु गरिनेछ।
- ✓ गाउँपालिका तथा मातहतका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि प्रादेशिक तथा सङ्घीय निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिन्छ।
- ✓ महिलाहरुलाई प्रजनन प्रणालीमा हुने क्यान्सर बाट बचाउन स्क्रिनिंग तथा किशोरी हरुलाई खोपको ब्यबस्था गरिनेछ।
- ✓ गाउँपालिका बढ्दो आत्महत्याको रोकथामको लागि विभिन्न सरोकारवाला निकायहरुसँगको समन्वय र साझेदारीमा मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक शिविर सञ्चालन गरिनेछ।
- ✓ स्वास्थ्य सस्थाबाट प्रदान गरिने सेवा तथा अभिलेख तथा प्रतिबेदन प्रणालीलाई प्रबिधि मैत्री बनाईनेछ।
- ✓ पालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुबाट निःशुल्क प्रदान गरिदै आएको ल्याव सेवालाई निरन्तरता दिदै प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा सञ्चालित फार्मेसीलाई थप व्यवस्थित बनाइनेछ ।
- ✓ निशुल्क एन्टी रेबिज भ्याक्सिनको ब्यबस्था गरिनेछ।
- ✓ आपतकालीन उद्धारमा सघाउ पुऱ्याउने उद्देश्यले पालिकास्तरीय हेलिप्याड निर्माण गरिनेछ ।
- ✓ पालिकालाई फुसको छाना मुक्त बनाउन फुसको छाना विस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- **सभा सदस्यज्यूहरु**

  ✓ आगामी आ.व. को बार्षिक कार्यक्रममा महिला, बालबालिका तथा अन्य लक्षित समूहको लागि बार्षिक पुँजीगत बजेटको निश्चित प्रतिशत बजेट बिनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।

  ✓ गाउँपालिकाका सबै योजना तथा कार्यक्रममा लैङ्गिक समानता, अपाङ्गतता तथा सामाजिक समावेशीकरण नीति तथा मूलप्रवाहीकरण रणनीति बमोजिम संस्थागत संरचना र कार्यप्रणाली लैङ्गिक मैत्री बनाउँदै लगिनेछ।

  ✓ गाउँपालिकाको बजेट लैङ्गिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) गरिनेछ ।

  ✓ अन्तराष्ट्रिय कानून (महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९बेइजिङ घोषणा पत्र १९९५ का १२ वटा महिला सरोकारका क्षेत्रहरु, दिगो विकास लक्ष्यले लक्षित गरेका विषयहरु, बाल अधिकार महासन्धी १९८९, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको प्रस्ताव नं १३२५, १८२०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि २००६ (स्थानीय कानुन सम्वन्धी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

  ✓ गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) कार्यक्रम सञ्चालन गरिनेछ ।

  ✓ सबै सार्वजनिक निकायमा महिला कर्मचारी र कार्यालयमा आउने महिला सेवाग्राहीहरूको लागि सुरक्षित र मर्यादित स्तनपान कक्ष, मर्यादित महिनावारीमैत्री शौचालयको व्यवस्थापन गरिनेछ।

  ✓ लैङ्गिक समानता तथा समावेशीकरण सम्वन्धी गठन भएका समितिहरूलाई सक्रिय गरिनेछ ।

  ✓ महिला तथा लक्षित वर्गको नेतृत्व विकास र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता अभिवृद्धि गरिनेछ।

- ✓ दलित, आदिवासी जनजाति, अल्पसंख्यक, तथा सीमान्तकृत समुदायलाई लक्षित गरी परम्परागत भाषा संस्कृति परम्परागत ज्ञान सीपको संरक्षण र प्रवर्द्धन सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ मुलुक कानुनी रुपमा जातीय छुवाछुत मुक्त घोषणा भैसकेको सन्दर्भमा सामाजिक व्यवहारहरुलाई पुर्णरुपमा छुवाछुत तथा भेदभाव मुक्त गराउन विभिन्न खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ गाउँपालिकाका पूर्वाधार तथा सार्वजनिक सेवाहरूलाई बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी बनाइनेछ।
- ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमको नियमित अनुगमन, मूल्यांकन तथा सार्वजनिक प्रतिवेदन प्रणाली लागू गरिनेछ।
- ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा गाउँपालिका भित्र भएको लगानीको प्रभाव मूल्याङ्कन अध्ययन गरिनेछ ।
- ✓ लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति ल्याईनेछ। बालविवाह, घरेलु हिंसा, छुवाछुत, लैङ्गिक हिंसा, मानवअधिकार, मानवबेचबिखन तथा सबै प्रकारका विभेद जस्ता हानीकारक अभ्यास अन्त्य गर्न सामाजिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ।
- ✓ घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता बढाउन जीवनसाथी अन्तर्क्रिया गरिनेछ ।
- ✓ लैङ्गिक हिंसा निवारण कोषमा कम्तीमा बार्षिक रु.२००,०००। (अक्षेरुपी दुई लाख रुपैंया) रकम थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानूनी परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि अनुदान कोषबाट उपलव्ध गराइनुको साथै अनुगमनलाई प्रभावकारी बनाइने छ ।

- **सभा सदस्यज्यूहरु**
  - ✓ विभिन्न कारणले हिंसा प्रभावित महिला तथा बालबालिकाहरुलाई पुनर्स्थापना नहुन्जेल सम्म सुरक्षाका लागि अल्पकालीन सुरक्षित आवास गृहलाई थप व्यवस्थापन गरिनेछ ।
  - ✓ कार्यस्थल तथा सार्वजनिक क्षेत्रमा हुने लैङ्गिक हिंसा तथा दुर्व्यवहार नियन्त्रणका लागि उजुरी तथा सहायता संयन्त्रलाई प्रभावकारी बनाइनेछ।
  - ✓ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना सम्वन्धी नीति ल्याईनेछ ।

- ✓ परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- ✓ जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई पुनर्स्थापित गराउनको लागि कोष व्यवस्थापन गर्दै लगिनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यकता बमोजिम सहायक सामग्री वितरणलाई निरन्तरता, क्षमता विकास तथा सार्वजनिक सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।
- ✓ 'ग' र 'घ' वर्गका अपाङ्गता भएका विपन्न व्यक्तिहरूलाई नि:शुल्क स्वास्थ्य विमा कार्यक्रम ल्याईनेछ ।
- ✓ "बालबालिकाको साथमा गाउँपालिकानीति अवलम्वन गरिनेछ । "
- ✓ बालमैत्री गाउँपालिका घोषणा गर्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम प्रभावकारी बनाइनेछ ।
- ✓ बालबालिकालाई आफ्नो क्षमता र रुचि अनुसार शैक्षिक तथा व्यवसायिक निर्णय लिन मद्दत गर्न ११/१२ कक्षाका विद्यार्थीहरूलाई करियर काउन्सेलिङ गरिनेछ।
- ✓ बालसमूह/सञ्जाल तथा किशोरकिशोरी सञ्जालको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बालश्रम, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, किशोर किशोरी सञ्जाल, बालसमूह सञ्जाल धार्मिक तथा सामाजिक अगुवा लगायत सामुदायिक स्तरका संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिनेछ।
- ✓ पहिलो चरणमा होटेल र यातायातका साधनमा बालश्रम मुक्त घोषणा कार्यक्रम गरिनेछ ।
- ✓ संघ संस्थाको सहकार्यमा वि सं २०८३ भित्रमा कम्तिमा २ वटा वडालाई बालविवाह र बालश्रममुक्त वडा घोषणा गरिनेछ ।
- ✓ छनौट गरिएको वडाहरूमा संघसंस्थाहरूको सहकार्यमा रुपान्तरण कक्षा सञ्चालन गरिनेछ।
- ✓ अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको लागि बाल संरक्षण कोषमा कम्तीमा बार्षिक रु. २००,०००(अक्षेरुपी दुई लाख रुपैंया) रकम

थप गर्दै लगिनेछ र बालबालिकासँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई पनि कोष वृद्धिको लागि आव्हान गरिनेछ।

- ✓ ज्येष्ठ नागरिक सम्मान अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।
- ✓ ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ
- ✓ स्थापना भएका ज्येष्ठ नागरिक मिलन केन्द्रलाई व्यवस्थित गरी "**कम्तीमा एक दिन भेटौ, मनका तिर्सना मेटौं** "कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ ज्येष्ठ नागरिकहरुको र बालबालिका पुस्ताको अनुभव आदानप्रदान गर्न "**महिनामा एकबार, ज्येष्ठ नागरिकसँग सञ्चार** "अन्तरपुस्ता अन्तरक्रिया गरिनेछ ।
- ✓ **जब सीप हातमा तब आम्दानी हातमा** महिला उद्यमशीलता विकास तथा जीविकोपार्जन सुधार नीति ल्याइनेछ ।
- ✓ महिलाको आर्थिक सशक्तीकरणका लागि सीप विकास, उद्यमशीलता, स्वरोजगार तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ उद्यमी महिलाहरूलाई असल अभ्यास सिकाई अवलोकन भ्रमण गराइनेछ ।
- ✓ सामाजिक सुरक्षा भत्ता वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाउन हरेक वडामा घुम्ति शिविर मार्फत भत्ता वितरण गरी लाभग्राहीको शिविरमा नै स्वास्थ्य परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- पूर्वाधार विकास
- **सभा सदस्यज्यूहरु**
  - ✓ गाउँपालिकाभित्र सुरक्षित, दिगो, वातावरणमैत्री तथा बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जालको विकास गरिनेछ। वडा केन्द्र, सेवा केन्द्र, कृषि उत्पादन क्षेत्र, पर्यटकीय क्षेत्र तथा बजार क्षेत्रलाई जोड्ने सडकहरूको निर्माण, स्तरोन्नति तथा नियमित मर्मत सम्भार गरिनेछ।
  - ✓ वर्षायाममा समेत सहज आवागमन सुनिश्चित गर्न आवश्यक स्थानमा ग्राभेल, ढल निकास, कल्भर्ट, क्रस ड्रेनेज तथा सडक संरक्षणका कार्यहरू सञ्चालन गरी मुख्य सडकहरुलाई बाह्रै महिना सञ्चालनयोग्य बनाइनेछ।
  - ✓ प्रत्येक सडकको दुवैतर्फ वा आवश्यकता अनुसार एकातर्फ मुख्य नाली (Main Drain) निर्माण तथा मर्मत गरी वर्षाको पानीको उचित निकासको व्यवस्था गरिनेछ।

२०७३
सुलिचौर, रोल्पा

- ✓ पहिरो, भूक्षय तथा सडक कटानको जोखिम न्यूनीकरण गर्न बायो– इन्जिनियरिङ (Bio-engineering), ग्याबियन, रिटेनिङ वाल लगायतका अन्य संरक्षणात्मक संरचनाहरू निर्माण गरिनेछ।
- ✓ सडक सुरक्षाका लागि आवश्यक स्थानमा रेलिङ, सडक संकेतचिन्ह, मार्किङ तथा अन्य सुरक्षा सामग्री जडान गरिनेछ।
- ✓ सडक पूर्वाधारको दिगोपनाका लागि वार्षिक तथा नियमित मर्मत सम्भार कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ गुणस्तरीय, सुरक्षित, भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री तथा बालमैत्री सार्वजनिक संरचना निर्माणलाई प्राथमिकता दिइनेछ। यस पालिकाबाट निर्माण हुने विद्यालय तथा अन्य सार्वजनिक भवनहरू प्रचलित भवन संहिता अनुसार बालमैत्री तथा अपांगमैत्री रुपमा निर्माण गरिनेछ।
- ✓ यस पालिका मातहतका पुराना तथा जीर्ण भवन सार्वजनिक भवनहरूको आवश्यकता अनुसार मर्मत, पुनःनिर्माण तथा स्तरोन्नति गरिनेछ।
- ✓ स्वच्छ तथा सुरक्षित खानेपानीमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ। **"एक घर एक धारा"** कार्यक्रमलाई गाउँपालिकाका सबै वडामा क्रमशः कार्यान्वयन गरिनेछ। यसका लागि अन्य गैरसरकारी संस्थाहरुसँग समेत आवश्यकता अनुसार साझेदारी समेत गरिनेछ।
- ✓ नयाँ खानेपानी आयोजना निर्माण तथा सञ्चालनमा रहेका आयोजनाहरूको मर्मत, संरक्षण तथा क्षमता विस्तार गरिनेछ। खानेपानीका मुहानहरुको परीक्षण गरी नतिजाका आधारमा सुधारका उपायहरु गरिनेछ।
- ✓ खानेपानीका मुहानहरूको संरक्षण तथा पुनर्भरण गर्ने नीति लिइनेछ। यसका लागि सामुदायिक वन तथा अन्य सरोकारवाला निकायहरुसँगको साझेदारीमा उपयुक्त स्थानहरुमा रिचार्ज पोखरीहरु निर्माण तथा निर्मित रिचार्ज पोखरीहरुको संरक्षण गरिनेछ।
- ✓ सरसफाई तथा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ। ल्याण्डफिल साइटको दिगो व्यवस्थापनको लागि जग्गा प्राप्तिको प्रक्रिया थालनी गरिनेछ। स्थायी ल्याण्डफिल साइटको व्यवस्था नहुन्जेलसम्मको लागि हाल प्रयोगमा ल्याइएको स्थानमा अस्थायी खालका संरचनाहरु निर्माण गरी फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउदै लगिनेछ।

- ✓ नियमित बजार सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यमा बजार व्यवस्थापन समितिस्थानीय वासिहरु तथा कर्मचारीहरुको ,यातायात कम्पनी , सहभागिताका लागि प्रोत्साहन गरिनेछ।
- ✓ परम्परागत कुलो तथा सिंचाइ प्रणालीहरूको संरक्षण, मर्मत तथा आधुनिकीकरण गरिनेछ। खेतियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा सुनिश्चित गर्न उपयुक्त स्थानहरुमा सिंचाइ पोखरीहरु निर्माण गरिनेछ।
- ✓ विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूल पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ। बाढी, पहिरो, भूक्षय तथा नदी कटान प्रभावित तथा सम्भावित क्षेत्रहरुमा संरक्षणात्मक संरचनाहरु निर्माण गरिनेछ।
- ✓ जोखिमयुक्त सडक तथा बस्ती क्षेत्रमा बायो-इन्जिनियरिङ, वृक्षारोपण तथा अन्य संरक्षणात्मक उपायहरू अवलम्बन गरिनेछ।
- ✓ व्यवस्थित, सुरक्षित तथा आकर्षक बजार क्षेत्र विकास गरिनेछ। मुख्य बजार क्षेत्र तथा मुख्य चोकहरूमा सडक बत्ती (Street Light) जडान तथा विस्तार गरिनेछ।
- ✓ सार्वजनिक स्थल, पार्क तथा खुला क्षेत्रहरूको संरक्षण तथा विकास गरिनेछ। त्यस्ता क्षेत्रहरुको अतिक्रमण हुन नदिन आवश्यक व्यवस्था मिलाइनेछ।
- ✓ आवश्यक स्थानमा सार्वजनिक शौचालय तथा अन्य सेवा सुविधाहरू निर्माण गरिनेछ।
- ✓ पारदर्शी, उत्तरदायी तथा गुणस्तरीय पूर्वाधार विकास प्रणालीको विकास गरिनेछ। योजनाको छनोट, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा जनसहभागिता सुनिश्चित गरिनेछ। आयोजना छनौटलाई वास्तविक माग र आवश्यकतामा आधारित बनाउन आयोजना बैंक निर्माण गरिनेछ।
- ✓ निर्माण कार्यको नियमित प्राविधिक सुपरिवेक्षण तथा गुणस्तर परीक्षण गरिनेछ। सम्पन्न आयोजनाहरूको अभिलेखीकरण तथा मर्मत सम्भार व्यवस्थापन प्रणाली विकास गरिनेछ। निर्मित पूर्वाधार संरचनाहरु सम्बन्धित लाभग्राहीहरुलाई नै हस्तान्तरण गरी दिगो उपयोगमा जोड दिइनेछ।
- ✓ सम्बन्धित निकायहरुसँगको साझेदारी तथा सहकार्यमा विद्युत विस्तार कार्यलाई निरन्तरता दिइनेछ।

- संस्थागत विकास, सुशासन र सेवा प्रवाह
- **सभा सदस्यज्यूहरु**

- ✓ गाउँपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक कानुनको तर्जुमा, विद्यमान कानूनहरुको आवश्यक कानूनहरुको संशोधन तथा परिमार्जन गरिनेछ।
- ✓ गाउँपालिकामा कार्यरत सबै सेवा समूह तर्फका कर्मचारीलाई आफ्नो पेशागत मर्यादा र आचरण प्रदर्शनका आधारमा दण्ड र पुरस्कारको नीति अख्तियार गरिनेछ। सेवाग्राहीमैत्री सेवाप्रवाह विपरितका क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि प्रचलित कानुन र मापदण्डमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ। तालिममा स्थानीय लगायत राष्ट्रिय विज्ञ सेवा लिदै प्रविधिमैत्री कर्मचारी प्रशासनको विकास गरिनेछ।
- ✓ कार्यालयमा सिकाई केन्द्रको संस्थागत विकास गरी सेवा प्रवाहमा नवीनतासँगै सिकाई अवसर सुनिश्चित गर्न विद्युतिय पुस्तकालय ( E-Library) स्थापना गरिनेछ।
- ✓ कर्मचारीहरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्नका लागि तालिम, गोष्ठी, भ्रमणललाई उपलब्धिमूलक हुनेगरी सेवा प्रवाहसँग आबद्ध गरिनेछ। साथै गाउँपालिका कर्मचारी एवम् पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ✓ हरेक वर्ष फागुन २७ गते गाउँपालिका स्थापना दिवसका अवसरमा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ करार र अस्थायी कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरिनेछ।
- ✓ सार्वजनिक प्रशासनका क्षेत्रमा यस गाउँपालिकाका बासिहरुको प्रतिनिधित्व बढाउन लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- ✓ गाउँपालिकामा कार्यरत सवै राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च राख्न र सेवा प्रवाहलाई जनमैत्री र चुस्त दुरुस्त बनाउन मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

- ✓ गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु चौमासीक रुपमा वडामा घुम्ती सेवाको रुपमा उपलब्ध गराइनेछ। चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- **सभा सदस्यज्यूहरु**
  - ✓ सुनिलस्मृति गाउँपालिकाको सबै गतिविधि र सूचनामा नागरिकको पहुँच कायम हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउन पालिकाको वेबसाईट, फेसबुक पेज लगायतका डिजिटल प्लेटफर्महरुको प्रभावकारी प्रयोग गरिनेछ।
  - ✓ सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गरिनेछ ।
  - ✓ विभिन्न सेवा र कर्मको क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरुको Think Tank निर्माण गरी गाउँपालिकाको विकास र समुन्नतीका लागि बौद्धिक लागत लिने कार्यको सुरुवात गरिनेछ ।
  - ✓ टोल विकास संस्थाको क्षमता विकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ ।वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
  - ✓ नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी हटलाईन सेवा संचालन गरिनेछ ।
  - ✓ सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ ।
  - ✓ सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न खरिद इकाई गठन गरेर वार्षिक खरिद योजना तयार गरी एकद्वार प्रणालीबाट प्रतिस्पर्धात्मक विधिद्वारा खरिद गर्ने व्यवस्था मिलाइनेछ ।
  - ✓ सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्वलाई नियमन गरी कार्यान्वयनमा ल्याइनेछ ।
  - ✓ नगर प्रहरीलाई गाउँपालिकाकाको सुरक्षा, विकास निर्माण, बजार अनुगमन, ट्राफिक व्यवस्थापन, अतिक्रमण नियन्त्रण, विपद् उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणमा परिचालन गरिनेछ।

- ✓ गाउँपालिकाको संस्थागत सुशासन र मानव संशोधन विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- ✓ सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी जवाफदेही, दिगो एवम् परिणाममुखी बनाउन सूचना प्रवाहलाई प्रविधि मैत्री बनाउदै (paper less, Face less and Contract Less) बनाइनेछ ।
- ✓ गाउँपालिकाबाट प्रवाह हुने प्रशासनिक तथा आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबध्द गरी नगदरहित र पारदर्शी बनाईनेछ ।
- ✓ गाउँपालिकाको समग्र सेवालाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृत ,शाखा प्रमुख तथा वडा सचिवहरुसँग कार्यसम्पादन करार सम्झौता गरिनेछ। सम्झौता बमोजिम कार्यसम्पादन भए नभएको नियमित समीक्षा तथा मूल्याङ्कन गरिनेछ।
- ✓ आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी वित्तीय अनुशासन कायम गरिनेछ। विगतका आबहरुको बेरुजु फछ्यौंटलाई अभियानकै रुपमा अगाडि बढाइनेछ।
- ✓ कर्मचारीहरूको त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन गर्ने, उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गर्ने र कमजोर कार्यसम्पादन भएका वा आचरण ठीक नभएका कर्मचारीहरुलाई नकारात्मक सूचीमा राखी विभागीय कारबाही अघि बढाइनेछ।
- ✓ सहभागितामूलक योजना प्रणाली अवलम्बन गर्न वस्ती तथा वडा तहबाट योजना संकलन र प्राथमिकीकरण गर्ने, उपभोक्ताहरुको क्षमता विकास गरी स्थानीय विकासमा स्थानीय श्रोत, साधन र क्षमताको अत्यत्तम प्रयोग गरिनेछ।
- ✓ बजेट प्रणालीलाई विश्वसनिय, पारदर्शी तथा उपलब्धिमूलक बनाउनको लागि मध्यमकालीन खर्च संरचनालाई कार्यान्वयन ल्याउन बजेट तर्जुमा तथा कार्यान्वयनमा संलग्न रहने सबै शाखा र जनशक्तिको क्षमता विकास गरिनेछ।
- ✓ आयोजना छनौटमा पारदर्शिता, समावेशिता र उत्तरदायित्व सुनिश्चित गर्न आयोजना बैंक निर्माण तथा अद्यावधिक, सूचना प्रविधिमा आधारित योजना व्यवस्थापन प्रणाली लागू गरिनेछ।

- ✓ बजेट कार्यान्वयनलाई समयबद्ध र परिणाममूखी बनाउन अन्तर शाखा तहमा बजेट पारित भएको ढिलोमा २ महिनाभित्र कार्यान्वयन कार्ययोजना, वार्षिक खरिद योजना र कार्यसम्पादन करार गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ।
- ✓ न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट हुने विवादको निरुपणलाई छिटो, छरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ। मेलमिलापबाट विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाइनेछ।
- ✓ पालिका वासिको न्यायमा सहज पहुँच स्थापित गर्न आर्थिक रुपले विपन्न तथा असहाय व्यक्तिहरु, महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायताको व्यवस्था मिलाइनेछ।
- ✓ विपन्न वस्ती तथा वडाहरुमा न्यायिक समितिको कार्यसम्पादन र कार्यक्षेत्र सम्बन्धमा अनुशिक्षण गरी विपन्न वर्गलाई निःशुल्क कानूनी उपचार प्राप्त गर्नका लागि उत्प्रेरित गरिनेछ।
- ✓ सवै वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको सुदृढिकरण गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडा स्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै विवादको साटो मेलमिलापको बाटो भन्ने नारालाई थप प्रभावकारी रुपमा कार्यान्वयन लगिनेछ।
- ✓ अन्तरपालिका तथा न्याय सम्पादनसँग सम्वन्धित निकायहरुसँग निरन्तर रुपमा अन्तरक्रिया तथा अनुभव आदान प्रदान गरी न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउँदै लगिनेछ।
- ✓ स्थानीय सरकारसँग जनता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ✓ वस्ती वस्ती अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- वन, वातावरण तथा विपद् व्यवस्थापन'
- **सभा सदस्यज्यूहरु**
  - ✓ स्वच्छ वातावरण र सुरक्षित समुदाय निर्माण हाम्रो साझा प्रतिबद्धता हो।
  - ✓ वन संरक्षण, वृक्षारोपण तथा हरियाली प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
  - ✓ वन कार्यालय तथा वन समूह लगायत अन्य सरोकारवाला निकायहरुको सँगको सहकार्य र समन्वयमा जैविक विविधता संरक्षणमा जोड दिइनेछ।

- ✓ सामुदायिक वनको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग सुनिश्चित गर्न सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ✓ सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वन क्षेत्र अतिक्रमणलाई निरुत्साहन गरिनेछ। खाली तथा उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ✓ प्लास्टिकजन्य सामाग्री बढ्दो प्रयोगलाई निरुत्साहित गर्न वातावरणीय स्वच्छता अभियान सञ्चालन गरिनेछ। बजार क्षेत्रमा विभिन्न स्थानमा फोहोरमैला संकलनका लागि डस्टविनहरु राखिनेछ।
- ✓ खानेपानीका मुहान, नदी तथा जलाधार क्षेत्रको संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ। खानेपानीका मुहानहरुको संरक्षण तथा पुनर्भरणका लागि समुदायहरु सँगको साझेदारीमा विभिन्न स्थानहरुमा रिचार्ज पोखरीहरु निर्माण गरिनेछ।
- ✓ **"पूर्वतयारी आजको, सुरक्षा भोलिको"** भन्ने मूल अभिप्रायले विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- ✓ बाढी, पहिरो, आगलागी, चटयाङ तथा अन्य प्राकृतिक विपदबाट हुने क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वाधार, जनचेतना तथा पूर्व अभ्यास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ✓ विपद् व्यवस्थापन कोषलाई वृद्धि गरि आकस्मिक उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाइनेछ ।
- ✓ विपद् सम्बन्धी पूर्वसूचना प्रणाली तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ विपद् तथा आगलागी घटनाको प्रभावकारी रुपमा उद्धार तथा नियन्त्रण कार्यलाई छिटोछरितो सम्पन्न गर्न बारुणयन्त्र (दमकल) सञ्चालन, व्यवस्थापन तथा परिचालनका लागि सुरक्षा निकाय, स्थानीय तह, संघसंस्था तथा समुदायबीच आपसी समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ गरिनेछ ।

धन्यवाद्